गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np

# Application for Internet Banking
## ईन्टरनेट बैकिङ्ग सुविधाको लागि आवेदन

The Manager
श्री प्रबन्धकज्यू
................................ Branch (शाखा)

Date(मिति): D D - M M - Y Y Y Y

I/We here by request you to provide me/us ☐ Internet Banking The required details are as follows (म/हामीलाई ईन्टरनेट बैंकिङ्ग सुविधा प्रदान गरि दिन हुन म/हामी तपाई समक्ष अनुरोध गर्दछु/छौं। आवश्यक विवरणहरु निम्न बमोजिमम छन्।)

| | |
|---|---|
| Full Name (In Block Letter) | |
| पुरा नाम (देवनागरिकमा) | |

| S.No क्र.सं. | AccountType (Loan/Savings) खाताको प्रकार ऋण/बचत | Account No. खाता नम्बर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

☐ Auto Renewable ☐ Auto deduct charge from Account

कृपया आफूले लिन खोजेको सेवामा चिन्ह (✓) लगाउनुहोस :

| | | |
|---|---|---|
| सोधपुछ | ☐ खाताको जानकारी | ☐ खाताको विवरण |
| अनुरोध | ☐ चेक वुक | |
| कारोवार | ☐ रकमान्तर | ☐ सेवा भुक्तानी |

Authorized Mobile Number (आधिकारिक मोबाइल नम्बर)

Authorized Email Address (आधिकारिक ईमेल ठेगाना)

Name of Contact Person (सम्पर्क व्यक्तिको नाम)

Thank You (धन्यवाद)

Authorized Signature (आधिकारीक हस्ताक्षर)

I/We here by authorize the Bank to debit my/our A/C No./ for applicable charges for the services availed to us and fully agree to the terms and conditions of the services. (म/हामीलाई सेवा उपलब्ध गराए वापत आवश्यक दस्तुरको लागि हाम्रो/मेरो खाता नम्बरबाट खर्च जनाउनका लागि मैले/हामीले बैंकलाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं।)

### For Bank use only बैंक प्रयोजनका लागि मात्र

Entered by (प्रविष्ट गर्ने): ____________

Client ID No. (ग्राहकको परिचय पत्र नं.): ____________

Charge (शुल्क): ____________

Checked/Authorized by (जाँच स्वीकृत गर्ने) : ____________

Validity Service (सेवाको अवधि): ____________

Date (मिति): ____________

# ई-बैंकिङ्ग सेवाका शर्त तथा नियमहरु

**१. सेवा प्रयोग सम्बन्धी नियमहरुः**

१.१ वित्तीय संस्थासँग दर्ता भएका प्रयोगकर्ताको नाम (user name) र पासवर्डको गोपनियता कायम गर्नुपर्ने जिम्मेवारी ग्राहकको हुनेछ ।

१.२ ग्राहक पहिचानको लागि वित्तीय संस्थाले प्रदान गरेको प्रयोगकर्ताको नाम (USER ID) र पासवर्ड सम्बन्धी वित्तीय संस्थाले निवेदन फारममा वा अनलाईन रुपमा प्रदान गरेको निर्देशन ग्राहकले पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

१.३ ग्राहकले जुनसुकै समयमा पासवर्ड परिवर्तन गर्न सक्नेछ तर प्रयोगकर्ताको नाम भने परिवर्तन गर्न सकिने छैन । ग्राहकले वित्तीय संस्थाबाट नाम र पासवर्ड प्राप्त गर्ने बित्तिकै तुरुन्तै पासवर्ड परिवर्तन गर्नुपर्नेछ ।

१.४ ग्राहकले कुनै गैर कानुनी माध्यमबाट गुडविल ई-बैकिङ्ग सेवा प्रयोग गर्न, प्रयोगको लागि प्रयास गर्न वा सो गर्न निर्देशन दिन हुने छैन ।

१.५ ग्राहकले प्रयोगकर्ताको नाम (User name)/पासवर्ड हराएमा/बिर्सिएमा तत्काल वित्तीय संस्थालाई जानकारी गराउनु पर्दछ ।

१.६ ई-बैकिङ्गसेवा कुनै परिस्थितीमा पनि ग्राहक बाहेक अन्य व्यक्तिहरुमा हस्तान्तरण हुने छैन । वित्तीय संस्थाले यी सेवाहरु पूर्ण रुपमा ग्राहकले मात्र प्रयोग गर्ने अख्तियार प्रदान गरेको छ ।

१.७ वित्तीय संस्थाको कारोवार विवरण अभिलेखहरु नै ग्राहकले आधिकारिक अभिलेख र वाध्यात्मक अभिलेखको रुपमा स्विकार गर्नु पर्दछ ।

१.८ यस सेवा मार्फत गरेका आदेशहरु नियमित र व्यवसाय प्रणाली अनुरुप उचित र व्यवहारिक हुन् भन्ने लागेमा वित्तीय संस्थाले ग्राहकको आदेश पालना गर्नेछ ।

१.९ ई-बैकिङ्ग सेवाको प्रयोग प्रचलित कानुन तथा वित्तीय संस्थाको निति अनुसार हुनेछ ।

१.१० वित्तीय संस्थाले समय समयमा सेवा उपलब्ध गराए बापत माग गरेको विवरण ग्राहकले उपलब्ध गराउनु पर्नेछ ।

१.११ वित्तीय संस्थाले प्राप्त गरेको सबै आदेशहरु आफ्नो स्वविवेकमा कार्यान्वयन गर्न सक्दछ र कुनै दायित्व बिना ग्राहक वा ग्राहकले दिएको आदेश कुनै पनि समय सूचना दिई वा नदिई रद्द गर्न वा कार्यान्वयन गर्न अस्विकार गर्न सक्दछ ।

१.१२ प्रचलित कानुन अनुसार कुनै पनि व्यक्ति/संस्था लगायत तेस्रो पक्षलाई खाता सम्बन्धी सूचना प्रदान गर्नु पर्ने भएमा सो अधिकार वित्तीय संस्थालाई रहने छ ।

१.१३ वित्तीय संस्थाले कुनै पनि समय, सूचना वा कारण दिई वा नदिई ग्राहकले प्रयोग गरिरहेको सेवाहरु निलम्बन वा स्थगित गर्न सक्दछ ।

**२. दायित्व सम्बन्धी शर्तहरु**

२.१ ग्राहकले (ई-बैंकिङ सेवा प्रयोगकर्ताले) तल उल्लेखित अवस्थामा वित्तीय संस्थाको कुनै पनि दायित्व नरहने मन्जुर गर्दछु/छौं:

२.१.१ उल्लेखित कुनै पनि शर्त तथा नियमहरु उल्लंघन गरेमा वा

२.१.२ कुनै पनि अनाधिकृत पहुँचबाट भएको गलत कारोवार पर्याप्त समय भित्र वित्तीय संस्थालाई जानकारी नगराएको खण्डमा भएको क्षतिमा

२.२ यदि प्राकृतिक प्रकोप, कानुनी अड्चन, दुरसंचार नेटवर्कको गल्ती/असफलता लगायत, विभिन्न कारणहरु वा वित्तीय संस्थाको काबू बाहिरका अन्य कारणहरुबाट सेवा उपलब्ध हुन नसकेमा वा कुनै पनि ई-बैकिङ्ग बाट दिएको आदेश कार्यान्वयन गर्न असफल/ढिलाई भएमा वित्तीय संस्था जवाफदेही रहने छैन ।

२.३ कुनै computer/cyber अपराध जस्तै ह्याकिङ्ग आदि र कुनै अनाधिकृत कारोबार वा गैर कानुनी र जाली पद्धतीबाट गरिएको कारोवारबाट उत्पन्न हुने कुनै पनि जोखिम, शुल्क, क्षति वित्तीय संस्थाले कुनै दायित्व रहने छैन, सो बाट उत्पन्न हुने जोखिम र आर्थिक क्षति प्रति खातावाला स्वयं जिम्मेवार रहने छ । साथै यसरी उत्पन्न हुने क्षति प्रति वित्तीय संस्थाले निर्णय गरे बमोजिमको क्षतिपूर्ती तिर्न ग्राहक बाध्य हुनेछ र यस्ता ग्राहकहरुको सेवा बन्द गर्ने अधिकार वित्तीय संस्थामा निहित रहने छ ।

२.४ यस सेवाबाट पठाइएको व्यक्तिगत वा कुनै अरु सन्देशहरुको गोपनियता वा सुरक्षाको जिम्मेवारी वित्तीय संस्थाले दिने छैन । सिस्टम तथा नेटवर्क वा त्यसको काम वा कार्य सम्पादन सँग सम्बन्धित वा यस सेवासँग सम्बन्धित ग्राहक वा कुनै अन्य व्यक्तिका कारण ग्राहकले कुनै क्षति नोक्सानी व्यहोर्नु परेमा वित्तीय संस्था जिम्मेवार रहने छैन ।

२.५ उल्लेखित तोकिएको शर्त तथा नियमहरु बाहेक, यस सेवासँग सम्बन्धित संचार संजाल र वित्तीय संस्थाको सिस्टममा कुनै प्रकारको गडवडी, बाधा उत्पन्न भएमा, सेवा अवरुद्द भएमा, निलम्बनमा परेमा कुनै पनि कारणबाट उत्पन्न हुने क्षतिहरुका कारणले वित्तीय संस्थाले ग्राहकको अनुरोध प्राप्त गर्न वा कार्यान्वयन गर्नमा बाधा भएमा वित्तीय संस्था वा वित्तीय संस्थाका कर्मचारीहरु जिम्मेवार रहने छैनन्

२.६ प्रयोगकर्ताको नाम तथा पासवर्ड गोप्य राख्नु ग्राहकको कर्तव्य हुनेछ र प्रयोगकर्ताको नाम तथा पासवर्ड प्रयोग गरी गरिएका कुनै पनि कारोवार ग्राहकको ज्ञान तथा सहमतिमा गरिएको मानिने छ । कुनै पनि रकम झिक्नु/रकमान्तर गर्न भुक्तानी गर्न ग्राहकको खाता डेबिट गर्ने अख्तियार वित्तीय संस्थामा निहित रहने छ ।

२.७ गुडविल ई-बैकिङ्ग संचालनको लागि खातावालाहरुले आफ्नो खाता अरु कुनै खातासँग लिङ्क (link) गर्न सहमति दिएमा सबै ई-बैकिङ्गबाट गरिएको कारोवारको जिम्मेवारी स्वयं खातावालाले लिनुपर्नेछ ।

२.८ वित्तीय संस्थाले ग्राहक वा ग्राहक भनी दावी गर्ने कुनै आधिकारिक वा अनाधिकृत व्यक्तिले दिएको आदेश पालना गर्दा ग्राहकले वा कुनै तेस्रो पक्षले क्षति व्यहोर्नु परेमा त्यसमा वित्तीय संस्थाको कुनै दायित्व रहने छैन ।

२.९ उल्लेखित अवस्थामा समेत वित्तीय संस्थाको कुनै पनि दायित्व रहने छैनः

२.९.१ कुनै प्राप्त आदेश असल नियतले पालना गर्दा

२.९.२ वित्तीय संस्थाले कुनै वा सबै आदेशहरुको पालना गर्दा गल्ती, असक्षम, विलम्ब वा असफल भएमा

२.९.३ जानकारी/आदेशहरु सम्बन्धित पक्षसम्म स्थानान्तरण/हस्तान्तरण हुनु अगावै हराएमा वा क्षति भएमा

२.९.४ कुनै जानकारी/ग्राहकले दिएको आदेशमा कुनै व्यक्तिको अनाधिकृत पहुँच भएमा वा गोपनियता भंग भएमा ईमेलको अनाधिकृत पहुँच वा प्रयोग भएमा ।

**३. यस सेवाको लागि ग्राह्यः**

३.१ ई-बैकिङ्ग सेवा नितान्त व्यक्तिगत प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

३.२ यस वित्तीय संस्थामा बचत, कल वा चल्ती खाता भएका ग्राहकहरु अथवा ग्राहकको खाता संचालन गर्नको लागि विना शर्त अख्तियार प्राप्त कुनै पनि व्यक्ति ।

३.३ यदि संयुक्त खाता भएमा, संयुक्त खातावालाहरुले यस सेवा प्रयोग गर्नको लागि लिखित रुपमा अख्तियारी आज्ञापत्र/आदेश उपलब्ध गराउनु पर्दछ । यस्तो सेवा प्रयोगबाट भए गरेका कारोवारहरुको दायित्व संयुक्त खातावालाहरु एकल तथा संयुक्त रुपमा रहने छन् ।

३.४ यदि खातावाला नाबालक भएमा, खाता खोल्ने आवेदन फारममा उल्लेख भएको अभिभावक नै यस सेवा संचालन गर्न ग्राह्य हुनेछ ।

३.५ कुनै कारण खुलाई वा नखुलाई कुनै पनि ई-बैकिङ्ग सेवाको आवेदन स्वीकार गर्ने वा नगर्ने अधिकार वित्तीय संस्थामा निहित रहने छ ।

**४. शुल्कहरुः**

४.१ वित्तीय संस्थाले समय समयमा ग्राहकलाई लिखित जानकारी दिई वा नदिई ई-बैकिङ्ग सेवामा लागु हुने बार्षिक सेवा शुल्क वा कारोवार शुल्क निर्धारण र परिवर्तन गर्न सक्दछ । ग्राहकले सम्बन्धित ई-बैकिङ्ग सेवाको प्रयोग कायम राखेमा, सो शुल्कहरु मञ्जुर गरेको सम्झनु पर्छ ।

४.२ वित्तीय संस्थाले समय समयमा निर्धारण गरे बमोजिमका शुल्क तथा दस्तुरहरु तथा अन्य दायित्व लगायत कानुनी शुल्क ग्राहकको खाताबाट कट्टी गर्ने अधिकार रहनेछ, सेवा प्रयोगकर्ताले सो सम्बन्धी पूर्ण अख्तियारी वित्तीय संस्थालाई प्रदान गर्नेछ ।

**५. क्षतिपूर्तिः**

५.१ ग्राहक वित्तीय संस्थाले प्रदान गरेको ई-बैकिङ्ग सेवाको सबै कारोवारको पूर्ण रुपमा जिम्मेवार रहने छ र सो को लागि जुनसुकै समय बचनबद्ध रहनेछ ।

५.२ वित्तीय संस्थाले, वित्तीय संस्थाको ग्राहकले वा कुनै तेस्रो पक्षले कुनै क्षति व्यहोर्नु परेमा वा कुनै तेस्रो पक्षले सो सेवा वापत दावी गरेमा ग्राहकले क्षतिपूर्ति प्रदान गर्नु पर्दछ ।

५.३ ग्राहक यस सेवा तथा वित्तीय संस्थाले भविष्यमा उपलब्ध गराउने यस सेवासँग सम्बन्धित अरु कुनै सेवाहरुको शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछ ।

६. ग्राहकले ई-बैकिङ्ग सेवा मार्फत भुक्तानी वा रकमान्तर गरिसकेपछि सो कारोवार बदर गरिने छैन । भुल बस कुनै कारोवार भएमा समेत रकम जम्मा भएको खातावालाबाट लिखित स्विकृती प्राप्त नभएमा कारोवार बदर वा रोक्का गरिने छैन ।

७. सेवा लिन नचाहेमा सेवा नविकरण गर्ने मितिको कम्तिमा एक महिना अगाडि नै लिखित जानकारी वित्तीय संस्थामा दिनुपर्ने छ, अन्यथा सेवा स्वतःनविकरण गरिने र सो वापतको शुल्क खाताबाट कट्टि गरिनेछ । उल्लेखित मिति सम्म सेवा नलिने सूचना नदिएमा खाताबाट खर्च गरी लिएको शुल्क फिर्ता गरिने छैन र शुल्क असुल गर्न पर्याप्त मौज्दात नभएमा नविकरण गरिने छैन ।